नगर सभाको उन्नाईसौं अधिवेशन मिति
२०८२/०९/२५ गतेको बैठकका निर्णयहरु

कोहलपुर नगरपालिका

नगर सभा

उन्नाईसौं अधिवेशन

**२०८२ साल पौष २५ गते भएको नगरसभाको १९ औं अधिवेशनको गतिविधि तथा निर्णयहरु**

१. नगर सभाको पहिलो बैठक ९:३० बजे राष्ट्रिय गान सहित सभाका अध्यक्ष श्री पुर्ण प्रसाद आचार्य द्वारा बैठकको कारबाही प्रारम्भ भयो ।

२. नेपालको राजनैतिक परिवर्तन, स्वतन्त्रता, सार्वभौमसत्ता, स्वाधिनता, स्वाभिमान एवम् लोकतान्त्रिक राज्य व्यवस्थाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात आत्माहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माहरुको सम्मानका लागि १ मिनेट मौन धारण गरियो।

३. सभाका अध्यक्षबाट सभाका सदस्य एवं हलमा उपस्थित सम्पूर्णले पालना गर्नुपर्ने केही आचारसंहिता, संक्षिप्त सूचि तथा बैठकको रुपरेखाको बारेमा जानकारी गराउनुभयो।

४. नगर उपप्रमुख श्री संगिता सुबेदीले यस नगरपालिकाको चालु आ.ब. २०८२/०८३ को संशोधित बजेट तथा कार्यक्रम र मध्यावधि समिक्षा सहितको प्रगति विवरण प्रस्तुत गर्नुभयो ।

५. चालु अधिवेशनको बैठकको दोस्रो सत्र बस्नुपूर्व कार्यपालिका एवं सम्बन्धित सरोकारवालासँग राय परामर्श लिई सबै सदस्यज्यूहरुको हातमा मस्यौदा प्रस्ताव पुग्ने गरी देहायका विषयहरु आगामी बैठकमा छलफल एवं निर्णयका लागि प्रस्तुत हुन एजेण्डा/ प्रस्तावहरु रहने गरी सूचित/टेबुल गर्नुभयो।

क. चालु आर्थिक वर्ष २०८२/०८३ का कार्यपालिकाका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

ख. कोहलपुर नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२ सम्बन्धमा ।

ग. घर नक्सा पास अभिलेखिकरण सम्वन्धमा ।

घ. कोहलपुर नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदनमा प्रस्ताव भए बमोजिमको कोहलपुर नगरपालिकाको संगठन संरचना तथा दरबन्दी तेरिज सम्बन्धमा ।

ङ. विविध ।

पूर्ण प्रसाद आचार्य
नगर प्रमुख



CamScanner

६. सभामा टेबुल भएका विषयहरुमा अग्रिम नाम टिपाएका सदस्यहरुले धारणा राख्ने कार्यक्रम रहेकाले सदस्यहरुले आफ्नो धारणा राखे एवं दफावार छलफल गर्दा टेबुल भएका कुन विषयसँग सम्बन्धित हो वा समसामयिक विषयमा हो सो खुलाई धारणा राख्न समय दिनुभएको थियो । सभाका सदस्यहरुले देहायका विषयहरु सभा समक्ष उठान गर्नुभयो।

**क) श्री दिपेन्द्र श्रेष्ठ (नगर सभा सदस्य, वडा नं. ५)**

- नेपालगंज मेडिकल कलेजले लिजमा लियको जग्गा फिर्ता लिइ उक्त जग्गा आँखा अस्पताल संचालनका लागी प्रयोगमा ल्याउनु पर्ने ।

७. नगर सभा सदस्यहरुले उठान गरेका विषयहरुमा सभाध्यक्षले जवाफ सहित संम्बोधन गरी थप स्पष्ट पार्नुभयो ।

८. नगर सभाको बैठकमा टेबुल भएका देहायका प्रस्तावमा सभा अध्यक्षद्वारा थप प्रष्ट गर्दै निर्णायार्थ पेश गर्नुभएकोमा देहायका प्रस्तावहरु ध्वनिमतका आधारमा पारित भयो ।

९. २०८२ श्रावण देखि हाल सम्मको नगर कार्यपालिकाका विभिन्न मितिका निर्णयहरु(वेवसाईट मार्फत सार्बजनिक गरिएको), राजस्व परामर्श समिति र विषयगत समितिका निर्णयहरु अनुमोदन गरियोस भनी पेश भएको प्रस्ताव ध्वनी मतका आधारमा पारित भएको ।

१०. कोहलपुर नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२ पारीत गर्ने ।

११. यस नगरपालिका भित्र घरनक्सा इजाजत विना निर्माण सम्पन्न भएका तथा इजाजत लिय पश्चात साषदण्ड विपरित निर्माण सम्पन्न भएका भवन तथा घरहरुको हकमा पुनः २०८३ असार मसान्त सम्म अभिलेखिकरण प्रमाणपत्र लिईसक्ने गरी घरनक्सा अभिलेखिकरणका लागि निवेदन पेश गर्न सूचना प्रकाशन गर्ने ।

१२. लुम्बिनी प्रदेश स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ५ बमोजिम कोहलपुर नगरपालिकाको कार्यबोझ, कार्यप्रकृति, नगरपालिकालाई पर्ने आर्थिक भार समेतको विश्लेषण गरी विद्यमान दरबन्दी तथा पद सिर्जना, पुनरावलोकन र हेरफेर गर्ने प्रयोजनका लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य गर्ने कार्यक्षेत्रगत शर्त निर्धारण गरी कर्णाली प्रदेश सरकारका पूर्व प्रदेश सचिव श्री अर्जुन गौतमलाई कायदिश दिईएकोमा उक्त दरबन्दी तेरीज तथा संगठन संरचना सम्बन्धी प्राप्त संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन स्वीकृत गर्ने



पूर्ण प्रसाद आचार्य
नगर प्रमुख

साथै उक्त प्रतिवेदन अनुसार केहि दरवन्दी थप हुँदा आर्थीक दायित्व बढ्ने देखीएकाले प्रदेशको स्थानीय निजामति सेवा ऐन २०८१ को दफा (६) बमोजिम सहमतिको लागी लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

१३. चालु आर्थिक वर्षको श्रावणदेखि आजको मिति सम्म अघिल्लो सभाबाट अधिकार पाई नगर कार्यपालिका एवं नगर प्रमुख स्तरीय निर्णयबाट भए गरेका सम्पूर्ण निर्णय तथा कार्यहरुको अनुमोदन एवं आगामी नगर सभाको अधिवेशन बस्नु पूर्व यस सभालाई प्राप्त अधिकारहरु मध्ये अत्यावश्यक भएमा सो प्रयोग गरी निर्णय एवं कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

१४. वडा समिति एवं विभिन्न विषयगत समितिहरुको सिफारिसमा नगर कार्यपालिकाबाट संसोधन भएका सम्पूर्ण योजनाहरु अनुमोदन गर्ने ।

१५. नगरपालिकाको चालु आ.ब. २०८२/०८३ को बजेट, योजना तथा कार्यक्रममा यसैसाथ संलग्न अनुसूची १ बमोजिम संशोधन गर्ने ।

१६. नगरपालिकाको योजना अनुगमन तथा सुपरिवेक्षण समितिले चालु आर्थिक वर्षमा अनुगमन गरी भुक्तानीका लागि सिफारिश गरे अनुसारका योजना तथा कार्यक्रमको भुक्तानी कार्यलाई अनुमोदन गर्ने ।

१७. कोहलपुर नगरपालिकाको न्यायिक समितिबाट चालु आर्थिक वर्षको न्याय निरुपणको क्रममा भए गरेका कारवाही एवं निर्णयलाई अनुमोदन गर्ने ।

१८. कोहलपुर नगरपालिकाको अठारौं नगरसभामा समावेश नभएका तर नगर कार्यपालिकाको विभिन्न बैठकबाट विनियोजन, छनौट तथा कार्यान्वयन गरिएका सबै नयाँ योजनाहरुमा भएको विनियोजन, खर्च तथा भुक्तानीलाई अनुमोदन गर्ने ।

१९. यस नगरपालिका अन्तर्गत करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा नगर कार्यपालिकाको मिति २०८२/०९/२३ को निर्णय अनुमोदन गरी सोही बमोजिम २०८३ असार मसान्त सम्मका लागि म्याद थप गर्ने ।

२०. चालु आर्थिक वर्षमा विभिन्न शीर्षकबाट नगर प्रमुखको तोक आदेश बमोजिम भएका आर्थिक सहायता लगायतका विभिन्न भैपरी कार्यक्रममा भएका विनियोजन, खर्च तथा भुक्तानीलाई अनुमोदन गर्ने ।

पूर्ण प्रसाद आचार्य
नगर प्रमुख



CamScanner

२१. आ.व. २०८२/८३ को बाँके जिल्लाको दररेट लाई नै कोहलपुर नगरपालिकाको दररेट कायम गर्ने।

२२. कोहलपुर नगरपालिका अन्तर्गत सञ्चालित ५ लाख सम्मका योजना तथा कार्यक्रमहरुको अनुगमन सम्बन्धित वडा स्तरीय अनुगमन समितिबाटै गर्ने ।

२३. कोहलपुर नगरपालिका वडा नं. १,२,५,६,८ र ९ मा रहेको खानेपानी समस्या समाधानका लागी एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजनाबाट कोहलपुर खानेपानी उप-आयोजना DPR तयार भई कार्यान्वयन गर्न प्रस्ताव गरीएको आयोजना निर्माण गर्दा लाग्ने लागतको ५ प्रतिशतले हुन आउने रकम व्यहोर्ने ।

२४. कोहलपुर नगरपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०८२ स्वीकृत गर्ने ।

२५. सभाका अध्यक्षद्वारा सभामा उठेका विविध विषयहरुको जवाफ सहित आफ्नो धारणा राख्दै नगरपालिकाको उन्नाइसौं अधिवेशन संचालनको क्रममा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु, सरोकारवाला महानुभावहरु, पत्रकार ज्यूहरु लगायत सम्पूर्णमा धन्यवाद दिँदै बैठकको समापन गर्नुभयो ।

पूर्ण प्रसाद आचार्य
नगर प्रमुख